**प्रस्तावका लागि आह्वानः सन्दर्भ एवम् सर्तहरु**

पृष्ठभूमि एवम् उद्देश्य

2015 मा स्थापित, इसरा इन्स्टिच्युट एशिया र संयुक्त राज्य अमेरिका मा आधारित स्वतन्त्र अन्तर्राष्ट्रिय गैरसरकारी र गैर-नाफामुलक (U.S. 501(c)(3)  संस्था हो।इसारा इन्स्टिच्युट, मानव ओसारपसार (वैदेशिक रोजगारको सन्दर्भमा) र जबरजस्ती श्रम जस्ता समस्याहरुको श्रमिक आवाज, साझेदारी, र नवप्रवर्तन मार्फत समस्या समाधान गर्दै आइरहेको छ। इसरा इन्स्टिच्युटले हालै नेपाल सरकार, समाजकल्याण परिषद (SWC) सँग पञ्चवर्षीय सामान्य सम्झौता गरेको छ र त्यसका लागि विस्तृत परियोजना सम्झौताको निर्माण गरिरहेको छ। Issara Institute ले विश्वव्यापी ब्रान्डहरू (Global Brands) र खुद्रा बिक्रेताहरू (Retailers) सँग  सामान उनीहरूका उत्पादनकर्ताहरु वा आपूर्तिकर्ताहरू (नेपालको सन्दर्भमा गन्तव्य मुलुकका रोजगारदाताहरु), रोजगारदाताका लागि काम गर्ने श्रमिकहरु, र उक्त रोजगारदाताका लागि श्रमिक भर्ना गर्ने नेपालका मेनपावर कम्पनीहरु र वैदेशिक रोजगारका विभिन्न माध्यम अन्तर्गत रही काम गर्ने श्रमिकहरुसँग संलग्न हुने अवसरहरू निर्माण गर्न लागि साझेदारीमा काम गर्दछ।

नेपालको सन्दर्भमा, श्रम आप्रवासन लामो समयदेखि नेपाली समाजको अभिन्न अंगको रुपमा रहि आएको छ। श्रम आप्रवासनबाट अधिकतम लाभ लिन नेपाल सरकारले नयाँ नीति तथा पहलहरू मार्फत श्रम आप्रवासनलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन काम गरिरहेको छ यसले राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरहरूमा सहयोगलाई सुदृढ पारेको छ, र विश्वव्यापी आपूर्ति शृङ्खलाहरू भित्र श्रम प्रवासनका विकसित गतिशीलता वा परिवर्तन बुझ्न र प्रतिक्रिया दिन प्रयासहरू बढेको छ।

श्रम प्रवासनका प्रक्रिया भित्र नीति र अभ्यास दुवैमा चलिरहेका थुप्रै चुनौतीहरू छन्: अवैधानिक र शोषणकारी श्रमिक भर्ना अभ्यासहरू वैदेशिक रोजगारको खोजीमा रहेका श्रमिकहरु र मेनपावर कम्पनीहरू बीचको अस्पष्ट जानकारी र सूचनाद्वारा स्थापित गरिन्छ, जसले उच्च श्रमिक भर्ना शुल्क र ऋणको बन्धन निम्त्याउँछ जसले जबरजस्ती श्रम र मानव ओसारपसारलाइ निम्त्याउन सक्छ। यद्यपि, २०२४ मा युरोपमा कानुनमा भएको परिवर्तनका कारण नेपालमा स्थानीय वा ग्रामिण तह सम्मै वैधानिक श्रमिक भर्ना (Ethical Recruitment) लाई अघि बढाउनका लागि उत्साहजनक अवसरहरू सिर्जना पनि भैरहेका छन् जसले विश्वव्यापी कर्पोरेसनहरूलाई उनीहरूको विश्वव्यापी आपूर्ति शृङ्खला (Global Supply Chains) हरूमा कसरी विदेशी श्रमिकहरूलाई रोजगारीमा भर्ना गरिँदैछ भनेर थप जिम्मेवारी लिन बाध्य पारिरहेको छ। विश्वव्यापी ब्रान्ड र खुद्रा बिक्रेताहरूले पहिले भन्दा अहिले विश्वभरका आफ्ना सामान वा उत्पादन आपूर्तिकर्ता (रोजगारदाता कम्पनी) हरुमा रहेका नेपाली कामदारहरूको हितको लागि अझ बढी जिम्मेवारी लिनुपर्छ।

यस परियोजना वा अवसरको उद्देश्य नेपाली आप्रवासी श्रमिकहरूका लागि यी नयाँ नीति र साझेदारीका अवसरहरूको नेपाली नागरिक समाज र सरकारसँग मिलेर काम गर्ने एवम विश्वव्यापी  व्यापारीक प्रतिष्ठानहरसँगको इसरा इन्स्टिच्युटको साझेदारीका साथै श्रमिकको आवाज र प्रविधिमा आधारित प्राविधिक दक्षताको अधिकतम उपयोग गर्दै लाभ उठाउनु हो। हामी मिलेर जीविकोपार्जनका अवसरहरू विस्तार गर्ने र नेपाली आप्रवासी श्रमिकहरू, तिनीहरूका परिवारहरू र समुदायहरूलाई सहयोगको सञ्जाल सुदृढ गर्ने लक्ष्य राख्छौं जसले श्रमिकहरूको जीवन र कल्याणमा मापनयोग्य प्रभाव पार्छ, र नेपाल सरकारको राष्ट्रिय कार्ययोजना (2023) र दिगो विकासका लक्षहरु (SDGs), मर्यादित काम, लैङ्गिक समानता, र वेदेशिक रोजगार आप्रवासनमा डिजिटल

रूपान्तरणप्रति राष्ट्रिय प्रतिबद्धताहरू हासिल गर्नका लागि चलिरहेका पहलहरूमा पनि महत्त्वपूर्ण योगदान पुर्‍याउँछ।

**परियोजनाका निम्न ४ उद्देश्यहरू** इसरा इन्स्टिच्युटको परिवर्तनको सिद्धान्त र समावेशी श्रम अनुगमन (ILM) कार्य सञ्जालमा आधारित छन्, जसले व्यवसाय, नागरिक समाज र श्रमिकहरूलाई ह्युमन राइट्स ड्यु डिलिजेन्स (Human Rights Due Diligence) को भावनामा सँगै ल्याउँदछ। सञ्जालको सदस्य भएका गैरसरकारी संघ संस्था वा  साझेदारहरूले निम्न क्रियाकलाप वा गतिविधिहरू सञ्चालन गर्दै विदेशी बैदेशिक रोजगारमा जानेहरुका लागि वैधानिक श्रम भर्ना प्रकृयामा ध्यान केन्द्रित गर्नु पर्नेछ:

१. **वैदेशिक रोजगारको खोजिमा रहेका र प्रवासी कामदारहरूलाई सशक्तिकरण:** सम्भावित आप्रवासीहरूलाई शिक्षित र सशक्तिकरण गर्ने, उनीहरूलाई वास्तविक, व्यापक, र पारदर्शी रूपमा विज्ञापन गरिएका रोजगारीका अवसरहरू, गैर-शोषणपूर्ण तरिकामा सम्भव भएसम्म व्यापक रुपमा श्रमिकहरु सँग जोडिने वा सम्पर्कमा ल्याउने। स्थानीय संस्थाहरू (गैरसरकारी संघ संस्था) द्वारा सञ्चालित गतिविधिहरूले विदेशमा रोजगारीका अवसरहरूको फराकिलो दायरामा शिक्षा र पहुँच बढाउने प्रविधिको रूपमा गोल्डेन ड्रीम्स स्मार्टफोन एप मार्फत श्रमिकहरूलाई सशक्तिकरण सहित सम्भावित प्रवासी श्रमिकहरू र समुदायका अगुवाहरूका लागि समुदायमा आधारित पहुँच र क्षमता निर्माण समावेश गर्न सक्छ।

२. **पत्ता लगाउनुहोस् र हस्तक्षेप गर्नुहोस्**: गाउँ र सामुदायिक स्तरमा वैदेशिक रोजगारका अनौपचारिक एजेण्टहरु द्वारा लिइएको अवैध र अनौपचारिक श्रमिक भर्ना शुल्कहरू पत्ता लगाउन, र सम्भव भएसम्म ती शुल्कहरू प्रवासी श्रमिक लाई फिर्ता गर्न सम्बन्धित सरोकारवालाहरूसँग काम गर्नु पर्ने। गैरसरकारी संघ संस्थाहरूले सञ्चालन गर्ने गतिविधिहरूमा प्रवासी श्रमिकहरूको न्यायमा पहुँच सुनिश्चित गर्न स्थानीय अधिकारीहरूलाई प्रशिक्षण र मुद्दा व्यवस्थापन र कानुनी सहायता समावेश गर्न सकिन्छ।

**३.सहि र उत्तम लाई मिलान गराउने:** शुन्य लागत लाग्ने वैदेशिक रोजगारी खोज्ने प्रवासी श्रमिकहरू, र देशले तोकेको शुल्क (कानुनी शुल्क) तिरेर वैदेशिक रोजगारमा जान खोज्ने प्रवासी श्रमिकहरूलाई सोही अनुरुप स्पष्ट रुपमा मिलान गराउने। स्थानीय गैरसरकारी संघसंस्थाहरूद्वारा सञ्चालन गरिएका गतिविधिहरूमा वैदेशिक रोजगारका सम्भावित प्रवासी श्रमिकहरूलाई उज्वल सपना (गोल्डेन ड्रीम्स) मोवाइल एपका बारेमा परिचय गराउने र मेनपावर कम्पनीहरु, वैदेशिक रोजगारीको खोजिमा रहेका श्रमिकहरू बीच प्रत्यक्ष एवम् पारदर्शी सञ्चार र सम्वन्ध स्थापना गर्न मद्दत गर्न असल र प्रगतिशील मेनपावर कम्पनीहरूसँग सहकार्य गरी काम गर्ने।

**४. इकोसिस्टम परिवर्तन**ः असल अभ्यास र थप वैधानिक आपूर्ति शृङ्खलाहरूका लागि के आवश्यक छ भन्ने कुराको वरिपरि ऐक्यवद्दता निर्माण गर्ने आधारको रूपमा सिकेका पाठहरू र अनुभवको आदानप्रदान मार्फत परिवर्तनलाई ग्रहण गर्ने र गराउने। स्थानीय गैरसरकारी संस्थाहरूद्वारा सञ्चालन गरिएका क्रियाकलाप वा गतिविधिहरूमा बहु-सरोकारवाला कार्यक्रमहरूमा सक्रिय सहभागिता र योगदान र समावेशी श्रम अनुगमनद्वारा (Inclusive Labour Monitoring) सूचित प्रमाणमा आधारित नीतिगत पैरवी र सरकारी संयन्त्रहरुको क्षमता अभवृद्दि लगायतका कार्यलाई समावेश गर्न सकिन्छ।

**योग्यता, मापदण्ड, र आवश्यक कागजातहरू:**

१. सम्वन्धित गैरसराकरी एवम गैर नाफामुलक संस्था नेपाल सरकारको सम्बन्धित राष्ट्रिय, प्रादेशिक वा स्थानीय निकायमा कानुनी रूपमा दर्ता भएको हुनुपर्छ।
२. काम गर्नु पर्ने प्रदेश: कोशी, मधेस, वाग्मती र लुम्बिनी प्रदेशबाट बैदेशिक रोजगारमा जाने श्रमिकहरुको प्रवृत्तिका आधारमा छनोट गर्नु पर्ने।
३. कृपया निम्न कागजातहरु पेश गर्नुहोस्:

क. तपाईंको संगठनको प्रस्तावित परियोजना अन्तर्गतका क्रियाकलापहरु, प्रत्येक क्रियाकलापमा आधारित आर्थिक प्रस्ताव र माथि उल्लिखित उद्देश्यहरू र चित्रण गरिएका क्रियाकलापहरुको सन्दर्भमा कार्यान्वयन गर्ने क्षेत्रहरू / स्थानहरू (प्रदेश, जिल्ला, नगर\गाउँ पालीका) स्पष्ट उल्लेख गरिएको आवरण पत्र।
ख. संगठनको दर्ता र नवीकरण प्रमाणपत्रहरू
ग. बोर्ड सदस्य, नेतृत्व, र कर्मचारी बारे जानकारी सहित विस्तृत संगठन विवरण।
घ. कर कार्यालय दर्ता र कर तिरेको प्रमाणपत्र
ङ. २०७९ सालको लेखापरीक्षण प्रतिवेदन (२०२२/२०२३)

यो परियोजना साझेदारी प्रारम्भमा एक वर्षको लागि र कोषको उपलब्धता, नेपाल सरकारद्वारा परियोजना स्वीकृति, कार्यसम्पादन र कार्यतालिकाको आधारमा विस्तार हुने सम्भावना रहेको छ।

बजेट: $15,000 USD देखि $50,000 USD वार्षिक रूपमा (कामको दायराको आधारमा)

इसरा इन्स्टिच्युटसँगको साझेदारीमा तपाईंको रुचिको लागि धन्यवाद!